# गैर सरकारी संस्था संचालन तथा व्यवस्थापन निर्देशिका२०७९

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

## दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -६, सङ्ख्या : १३ मिति : २०७९/०९/२०

## भाग -२

## दार्मा गाउँपालिका


गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०९/२०

प्रमाणिकरण मिति : २०७९/०९/२६

# गैरसरकारी संस्था संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९

**प्रस्तावनाः** दार्मा गाउँपालिकाको कार्यक्षेत्र भित्र क्रियाशील रहेका गैरसरकारी संघसंस्थाहरुबाट सञ्चालन हुने परियोजनाहरुलाई त्यस्ता संस्था र महानगरबीच आवश्यक समन्वय कायम गरी व्यवस्थित, प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउँदै गैरसरकारी संघसंस्थालाई विकास साझेदार संस्थाको रुपमा विकास गर्दै अघि बढाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी दार्मा गाउँपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद १

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम "**गैरसरकारी संस्था निर्देशिका, २०७९**" रहेको छ ।

(२) यो निर्देशिका कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "**गाउँपालिका**" भन्नाले दार्मा गाउँपालिकालाई जनाउँछ ।

(ग) "**उपप्रमुख**" भन्नाले गाउँपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "**शाखा प्रमुख**" भन्नाले सामाजिक विकास शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "**निर्देशक समिति**" भन्नाले परिच्छेद ४ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(च) "**गैर सरकारी संस्था**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सामाजिक तथा विकास कार्य गर्ने उद्देश्यले स्थापना भएका गैर राजनीतिक तथा गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ ।

(छ) "**अन्तर्राष्ट्रिय गैरसरकारी संस्था**" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने गरी नेपाल सरकारवाट अनुमति प्राप्त संस्थालाई सम्झनु पर्छ ।

(ज) "**गैसस महासंघ**" भन्नाले गैरसरकारी संस्थाहरुको छाता संगठनलाई सम्झनु पर्छ ।

(झ) "अध्यक्ष" भन्नाले दार्मा गाउँपालिकाको गैरसरकारी संस्था संचालन निर्देशक समितिको अध्यक्षलाई जनाउने छ ।

(ञ) "सदस्य सचिव" भन्नाले दार्मा गाउँपालिकाको गैरसरकारी संस्था संचालन निर्देशक समितिका सदस्य सचिबलाई जनाउने छ ।

(ट) "सदस्य" भन्नाले दार्मा गाउँपालिकाको गैरसरकारी संस्था संचालन निर्देशक समितिका सदस्यहरुलाई जनाउने छ ।

(ठ) "वैठक" भन्नाले दार्मा गाउँपालिकाको गैरसरकारी संस्था संचालन निर्देशक समितिको वैठकलाई जनाउने छ ।

(ड) "**परियोजना**" भन्नाले गैरसरकारी संस्थाले दाताको सहयोग तथा आफ्नै स्रोतवाट संचालन गर्ने योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ

## परिच्छेद २

### लक्ष्य तथा उद्देश्य

स्थानीय शासन प्रक्रियामा स्वस्फूर्त र स्वायत्त रुपमा गठित गैससको माध्यमद्वारा सामाजिक परिचालनबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् दलितहरू समेतको स्थिति तथा आर्थिक, सामाजिक स्तरमा सुधार ल्याई सुसंस्कृत, समतामूलक, सशक्त एवम् सहभागितात्मक प्रक्रियाद्वारा समुन्नत समाजको स्थापनाको लागि स्थानीय तह र गैर सरकारी संस्थाहरुबीच पारस्परिक सद्भाव अभिवृद्धि गरी विकासका सहयात्रीको रुपमा कार्यक्रम संचालनमा सहयोग पुऱ्याउनु यस निर्देशिकाको लक्ष्य हुनेछ । उपरोक्त लक्ष्य पूरा गर्न देहायका उद्देश्यहरु प्राप्तिमा जोड दिईनेछ ।

२.१ स्थानीय तह सेवामुखि व्यवहार, सुसंस्कार र पारदर्शितामा जोड दिँदै सहभागितामूलक रूपमा स्थानीय तहबाट सञ्चालन गरिने विकास क्रियाकलापहरुलाई संस्थागत प्रणालीको विकासमा सहयोग पुऱ्याउने ।

२.२ विकास प्रयासको पहुँच नपुगेका समुदाय र वर्गबाट हुने योगदानको कदर गर्दै सामाजिक तथा आर्थिक रुपमा तिनलाई आत्मनिर्भर र सशक्त बनाउने कार्यमा साझेदारको रुपमा काम गर्न सहयोग पुऱ्याउने ।

२.३ सामाजिक-आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागिता, भूमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरुको अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुऱ्याउने ।

२.३ गाउँपापिलका क्षेत्रभित्र रहेका सम्पूर्ण गैर सरकारी संस्थाहरुको अनुगमन, मूल्यांकन, नियमन (निर्देशन र नियन्त्रण) को व्यवस्थापन गर्ने ।

२.४ गाउँपापिलका क्षेत्रभित्रका समस्त गैर सरकारी संस्थाहरुको गतिविधि तथा कृयाकलापहरुलाई गाउँपापिलकाको नीति तथा कार्यक्रम अनुरुप नै मूल प्रवाहिकरणमा ल्याउने ।
२.५ गाउँपापिलका क्षेत्रभित्र रहेका गैससहरुको बार्षिक तथा अर्धवार्षिक रुपमा प्रगतिको समीक्षा र मुल्याङ्गन गरि पुरस्कृत र दण्डीत गर्ने ।
२.६ गाउँपापिलका क्षेत्रभित्र रहेका गैससहरुको प्रोफाईल तयार गरि सूचनालाई अद्यावधिक गर्ने ।
२.७ गाउँपापिलका क्षेत्रभित्र रहेका गैससहरुका कृयापकलापहरुमा दोहोरोपन न्यूनिकरण गर्दै एकद्वार प्रणाली कायम गर्ने ।

## परिच्छेद ३

### ३. गैरसरकारी संस्थाको कार्यक्षेत्र, प्रकार र गैससको भूमिका

३.१ गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र निम्नानुसार हुनेछ :
क) सामाजिक विकासको पूर्वाधार निर्माण सम्वन्धि क्रियाकलापहरु
ख) जनचेतना बृद्धि गर्ने कार्यहरु
ग) लक्षित वर्ग एवं पिछडिएको क्षेत्रको न्याय एवं विकासको लागि बहस, पैरवी गर्ने सम्वन्धि कार्यहरु
घ) लक्षित वर्गको आय आर्जन क्षमता बढाउन कृषि, पशु, सीपमुलक तालीम सम्वन्धी कार्यहरु
ङ) जनसाधारणको साक्षरता, शिक्षा, चेतना बढाउन अभियान वा विशेष कार्यक्रम संचालन गर्ने
च) जनताको स्वास्थ्य, सरसफाई, प्राकृतिक श्रोतको संरक्षण, वातावरण जस्ता पक्षको प्रवर्धन गर्ने
छ) विपद तथा प्राकृतिक प्रकोपको जोखिममा रहेका पक्षको राहत एवं पुनस्थापना गर्ने सम्वन्धी कार्यहरु
ज) जलवायु परिवर्तन(climate change) को प्रभाव कम गर्न सहयोग पुर्‍याउने कार्यहरु
झ) लक्षित वर्गको मानव अधिकार, विभेद तथा कुरीतिको अन्त्य
ज) खेलकुद सम्बन्धि अन्य कृयाकलापहरु

३.२ उपदफा ४.१ का अतिरिक्त गैरसरकारी संस्थाहरुको कार्यक्षेत्र मूख्यतः दलित, महिला, बृद्ध, अपांग, वालबालीका, एकल महिला, मुस्लीम, जनजाति, पिछडिएको वर्ग एवं क्षेत्रका समुदाय आदिलाई केन्दित गरी विपन्नता नक्सांकनमा पछाडि रहेका वर्गमा विशेष प्राथमिकताका साथ गैससहरुलाई परिचालन गर्न जोड दिइनेछ ।

**४. गैरसरकारी संस्थाहरुको वर्गिकरण** : गैरसरकारी संस्थाहरुको वर्गिकरण निम्नानुसार गरिनेछ :
१) सामाजिक तथा सामुदायिक संस्था
(अ) आमा समूह
(आ) धार्मिक संस्था
(इ) पेशागत संस्था
(ई) अनुसन्धान गर्ने संस्थाहरु
२) महिला तथा वालवालीका सम्वन्धी संस्थाहरु
३) दलित तथा सिमान्तकृत समुदायको लागी काम गर्ने संस्थाहरु
४) शिक्षा सम्वन्धि काम गर्ने संस्थाहरु
५) मानव अधिकार तथा सुशासन प्रवर्धन गर्ने संस्थाहरु
६) कृषि, वन, तथा वातावरण सम्वन्धि काम गर्ने संस्थाहरु
७) स्वास्थ्य,खानेपानी तथा सरसफाई सम्वन्धि काम गर्ने संस्थाहरु
८) गरिवी निवारण,भोकमरी,पोषण सम्बन्धि काम गर्ने संस्थाहरु
९) सार्वजनिक नीतिमा अध्ययन गर्ने सँस्थाहरु
१०) अन्य प्रकृतिका संस्थाहरु

## परिच्छेद : ४

**गाउँपालिका स्तरीय परियोजना निर्देशक समिति**

**५. परियोजना निर्देशक समिति** : गैरसरकारी संस्थाहरुलाई परियोजनाको पूर्वसहमति प्रदान गर्न र परियोजना स्वीकृति, अनुगमन, मूल्याङ्कन लगायत आवश्यक निर्देशनको लागि एक परियोजना निर्देशक समिति रहनेछ ।

**६. निर्देशक समिति गठन** : (१) समितिमा देहाय अनुसार सदस्यहरु रहनेछन्।

(क) उपप्रमुख -अध्यक्ष

(ख) अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य -सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य

(घ) वित्त प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) सम्वन्धित वडाध्यक्ष -सदस्य

(च सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकको सञ्चालन गर्दा उपस्थितिको गणपूरक संख्या पचास प्रतिशत हुनुपर्नेछ ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित निकायका अधिकृत प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

**७. समितिको काम, कर्तव्य अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गैरसरकारी संस्थाहरुको परियोजना स्वीकृति तथा कार्यान्वयन प्रक्रियामा आवश्यक सल्लाह, सुझाव, परामर्श एवं निर्देशन दिने,

(ख) गैरसरकारी संस्थाको परियोजनाको पूर्व सहमति वा कार्यान्वयनको लागि स्वीकृति दिने,

(ग) परियोजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने,

(घ) गैससको वार्षिक प्रगति प्रतिवेदन लिने,

(ङ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

## परिच्छेद : ५

**संस्था सूचीकृत तथा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्था**

**८. सूचीकृत हुनपर्ने** : (१) प्रचलित कानून बमोजिम दर्ता भई गाउँपालिकामा सञ्चालित गैरसरकारी संस्थाले प्रत्येक आर्थिक वर्ष भित्र गाउँपालिकामा सूचीकृत नगरी परियोजना सञ्चालन गर्न पाउनेछैन ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) यस परिच्छेद बमोजिम सूचीकृत हुने गैरसरकारी संस्थाले प्रत्येक वर्ष ज्येष्ठ महिनाको १५ गतेभित्र बजेट तथा कार्यक्रम पेश गर्नुपर्नेछ ।

**९. परियोजना दर्ता र कार्यान्वयन** : गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र राखी सञ्चालित गैरसरकारी संस्थाले परियोजना संचालन गर्न देहाय बमोजिमको प्रक्रिया अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ ।

(क) प्रचलिन कानुन बमोजिम जुनसुकै कार्यालयमा दर्ता भएका गैरसरकारी संस्थाले परियोजना कार्यान्वयन गर्नुपूर्व अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गरी परियोजना दर्ता गर्नुपर्नेछ ।

(ख) समाजकल्याण परिषद् वा दातृ निकायवाट स्वीकृत भएका परियोजनाहरु समेत कार्यान्वयन गर्नुपूर्व कार्यक्रम, वजेट तथा सम्झौतापत्र सहित लगायतका दस्तावेज पेश गरी गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

घ) सरकारी विषयगत क्षेत्रका कार्यक्रमसँग दोहोरो नपर्ने गरी नियमित रुपमा गाउँपालिकाको विषयगत महाशाखाहरुसँग समन्वय गरी परियोजना सञ्चालन गर्नुपर्नेछ ।

ङ) परियोजना सञ्चालन गर्दा परियोजनाको कुल बजेटको २०% भन्दा बढी प्रशासनिक खर्च राख्न पाइने छैन ।

१०. **परियोजनाको पूर्वसहमति, समीक्षा तथा प्रगति प्रतिवेदन** : (१) प्रस्तावित परियोजनाको प्रस्ताव दातृ संस्था वा दाता निकाय समक्ष पेश गर्न गैरसरकारी संस्थालाई पूर्व सहमति आवश्यक भएमा गाउँपालिकामा आवश्यक कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन गाउँपालकिाले निर्देशक समितिमा पठाउनुपर्नेछ ।

(३) गैर सरकारी संस्थाले प्रस्तावित परियोजनाका सम्बन्धमा निर्देशक समिति समक्ष विस्तृत प्रस्तुतीकरण र छलफल गरी सो परियोजना उपयुक्त लागेमा परियोजना संचालनका लागि पुर्व सहमति पत्र दिन सकिनेछ । तर दश लाख भन्दा कम बजेट रहेको परियोजना वा कार्यक्रमको लागि परियोजना निर्देशक समितिको बैठक अगावै पनि सहमति दिन सकिनेछ ।

(४) पूर्व सहमति प्राप्त गरिसकेपछि सम्बन्धित दाताबाट परियोजना स्वीकृत भएनभएको जानकारी यथाशीघ्र गैर सरकारी संस्थाले गाउँपालिकालाई गराउनुपर्नेछ ।

(५) परियोजना कार्यान्वयनमा आएपछि गैरसरकारी संस्थाले निर्देशक समिति समक्ष प्रत्येक ४/४ महिनामा गाउँपालिका कार्यालयमा प्रगति समीक्षा विवरण पेश गर्नु पर्नेछ ।

(६) गाउँपालिका भित्र कार्यक्रम संचालन गर्ने गरी सूचीकृत भएको गैरसरकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखापरीक्षण प्रतिवेदन एवं वार्षिक प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद : ६

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

११. **अनुगमन तथा निर्देशन** : (१) यस निर्देशिका बमोजिम निर्देशक समिति तथा सामाजिक विकास शाखाबाट ६/६ महिनामा गैरसरकारी संस्था तथा परियोजनाहरुको अनुगमन गरिनेछ ।

(२) गैरसरकारी संस्थाले सञ्चालन गरेको परियोजनाको लक्ष्य र उद्देश्य बमोजिम कार्यान्वयन सन्तोषजनक नदेखिएमा आवश्यक सुधारको लागि शाखाले निर्देशन दिन सक्नेछ ।

(३) अनुगमन गर्ने समिति वा महाशाखाले दिएको निर्देशन तथा सुझावहरुको पालना गर्नु सम्बन्धित गैरसरकारी संस्थाहरुको कर्तव्य हुनेछ ।

**१२ गैससका कार्यक्रमको अनुगमन एवं मूल्यांकन**

१२.१ गैरसरकारी संस्था एवं उनीहरुको कार्यको अनुगमन एवं मूल्यांकन निम्नानुसार हुनेछ :

क) गैरसरकारी संस्थाहरुबाट सम्पादित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन सम्वन्धित संस्थाले गैसस संचालन समिती मार्फत निरन्तर रुपमा गराउनु पर्नेछ । अनुगमन सम्वन्धि सम्पूर्ण खर्चहरु सम्वन्धित संस्था आफैले व्यहोर्नु पर्नेछ ।

ख) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदन अनुसार गैससहरुले उनीहरुको कार्यमा सुधार ल्याउनु पर्नेछ ।

ग) गैससहरुको नियमित अनुगमन गर्न, कार्यमा दोहोरोपना हटाउन, आपसि समन्वय एवं कार्य साझेदारीलाई प्रवर्धन गर्न दार्मा गाउँपालिकाले निरन्तर अनुगमन प्रणालीको स्थापना गर्नेछ ।

घ) गैसस संचालक समितिले गैससका कार्यको अनुगमन एवं मूल्यांकन गर्न सोको आधार, सुचक, अन्य उपयुक्त विधिहरु समेतको विकास गरि सो आधारमा उनिहरुको कार्य, उद्धेश्य र उपलब्धि वीचको सम्वन्ध समेतको विश्लेषण गरि अनुगमन एवं मूल्यांकन गर्नेछ ।

१२.२ गैससहरुले संचालन गरेका कार्यक्रमहरुको सम्बद्ध निकायहरुको सहभागितामा संयुक्त अनुगमन एवं नियमित अनुगमन गर्ने ब्यवस्था गैसस संचालन समितिले मिलाउनु पर्नेछ । अनुगमन पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन तयार गरि संचालन समितिमा पेश गरि सो उपर छलफल गरी समितिले पृष्ठपोषण गर्नुपर्नेछ । र यस्तो पृष्ठपोषण सम्वन्धीत संस्थाले पालना गर्नुपर्नेछ ।

## मूल्याङ्कनका आधारहरुः

१. संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।
२. संस्थाको कार्यक्रमको दीगोपनाबारे सम्बद्ध जनशक्तिलाई जानकारी भएको ।
३. गैसस सुशासन, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको ।
४. संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।
५. सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।
६. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।
७. कार्यहरू संख्यात्मक मात्र नभई गुणात्मक पनि भएको ।
८. आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।
९. सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।
१०. कार्यहरू तोकिएको समयमा सम्पन्न भएको ।
११. कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको ।
१२. वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण भएको ।
१३. समुदायमा प्रत्यक्ष रुपमा गरिवी निवारणमा योगदना गरेको, विसंगति, कुरीतिको अन्त्य तथा समाजिक सद्भाव तथा एकता कायम भएको ।
१४. स्थानीय सरकारसँग साझेदारी एवं समन्वय गरेको ।

घ) गैससहरुको नियमन गर्दा नकरात्मक विधि भन्दा सहजकारी, उत्तरदायिपूर्ण र सकरात्मक वातावरण सिर्जनाका माध्यमबाट गरिनेछ ।
ङ) गाउँपालिकाभित्रका एवं वाह्य सहयोगदाताहरुलाई गैससमार्फत कार्यक्रम कार्यान्वयन गर्न उचित पैरवी समेत तत्परताका साथ गरिनेछ ।

## परिच्छेद : ७
## विविध

१२. **सम्पर्क शाखा** : गाउँपालिकामा कार्यक्षेत्र रही परियोजना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुको सम्पर्क शाखाको रुपमा सामाजिक विकास महाशाखा रहनेछ ।

१३. **निर्देशिकाको पालना** : गैरसरकारी संस्थाले यस निर्देशिकाको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१४.**कार्यान्वयनमा रोकः** प्रचलित कानुन र यस निर्देशिका विपरित काम कारवाही गरेको पाइएमा गाउँपालिकाले त्यस्तो काम कारवाहीमा रोक लगाउन सक्नेछ ।

१५. **संशोधन** : गाउँ कार्यपालिकाले यस निर्देशिकामा आवश्यक संशोधन र हेरफेर गर्न सक्नेछ ।

१६. **संघीय कानुन बमोजिम हुने** : यो निर्देशिकामा भएका व्यवस्था संघीय कानूनले परिवर्तन गरेमा वा नयाँ संघीय कानून बमोजिम नयाँ व्यवस्था कायम भएमा संघीय कानून बमोजिम नै हुनेछ ।

**अनुसूची–१**

(दफा ९ सँग सम्बन्धित)

**सूचीकृत हुनका लागि दिइने निवेदनको ढाँचा**

श्री दार्मा महानगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्मा, सल्यान ।

**विषय : संस्था दर्ता/सूचीकृत सम्बन्धमा ।**

त्यस गाउँपालिकाको गैरसरकारी संस्था निर्देशिका, २०७९ को दफा ९ बमोजिम तपसिल अनुसारको संस्थालाई दर्ता/सूचीकृत गरीदिनुहुन अनुरोध छ

**विवरण**

१. संस्थाको नाम :
२. संस्थाको ठेगाना :
३. संस्थाको फोन नं.: ......................... इमेल ठेगाना: ......................
४. संस्थाको मूलभूत उद्देश्य:
.........................................................................................
५. संस्थाका उपलब्धि
.........................................................................................
६. संस्थाको कार्यस्थल:
७. संस्थाको लक्षित वर्ग/कार्यक्षेत्र:
८. संस्थाको आर्थिक स्रोत:

**संलग्न कागजात**

- दर्ता प्रमाणपत्र प्रतिलिपि
- नवीकरण प्रमाणपत्र प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्र प्रतिलिपि
- प्यना दर्ताको प्रतिलिपि
- एक प्रति संस्थाको विधान
- सम्बन्धित वडाको सिफारिस पत्र
- वैदेशिक सहयोग भए समाजकल्याण परिषदको सिफारिस पत्र

**निवेदक**
**नाम :**
**पद :**
**हस्ताक्षर :**

**मिति :**

**संस्थाको छाप :**

**अनुसूचि-२**

(दफा १० सँग सम्वन्धित)

**परियोजना दर्ता निवेदन**

श्री दार्मा गाउँपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्मा, सल्यान ।

**विषय : परियोजना दर्ता सम्बन्धमा ।**

त्यस महानगरपालिकाको गैरसरकारी संस्था निर्देशिका, २०७९ को दफा १० बमोजिम गैरसरकारी संस्थाले परियोजना दर्ता गर्नुपर्ने व्यवस्था भए बमोजिम यस संस्थाको तपसिल अनुसारको परियोजना तोकिएको क्षेत्रमा आवश्यक र उपयुक्त भएकोले नियमानुसार दर्ता गरिदिनुहुन अनुरोध छ ।

| सि नं | परियोजनाको नाम | परियोजनाको कूल वजेट | | परियोजना अवधि | परियोजना संचालन हुने स्थान | परियोजनाको लक्षित वर्ग | लक्षित जनसंख्या | परियोजना प्रमुखको नाम र सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रशासनिक खर्च | कार्यक्रम खर्च | मिति................ देखि ................ | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**वजेट विनियोजन:**

| सि नं | क्रियाकलापको नाम: | वजेट | प्रतिशत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | परियोजना अनुगमन | | |
| | कोठा भाडा | | |
| | संचार खर्च | | |
| | स्थानीय यातायात | | |
| | कार्यक्रम खर्च | | |
| | प्रशासनिक खर्च (कर्मचारी तलव विवरण) | | |
| | जम्मा | | |

**निवेदक**
नाम :
पद :
हस्ताक्षरः
मिति :
संस्थाको छाप :

आज्ञाले
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत